# रामेछाप नगरपालिकाको नगर वस्तुगत विवरण
## (नगर प्रोफायल)

## भाग -२ स्रोत नक्साहरु




# रामेछाप नगर कार्यपालिकाको कार्यालय, रामेछाप
## प्रदेश ३, नेपाल
## पौष, २०७५

# विषयसूची


| | | |
|---|---|---|
| १. | धरातलीय अवस्था | १ |
| २. | भौगर्भिक विभाजन | २ |
| ३. | धरातलिय उचाई | ३ |
| ४. | भिरालोपना | ४ |
| ५. | मोहडा | ५ |
| ६. | माटोको गहिराइ | ६ |
| ७. | खोला खहरे र नदीहरुको सञ्जाल | ७ |
| ८. | सुख्खाग्रस्त वडाहरु | ८ |
| ९. | प्रमुख जलाधार र उपजलाधारहरु | ९ |
| १०. | वस्तीहरुको अवस्थिति | १० |
| ११. | जनसंख्या वितरणको अवस्था | १२ |
| १२. | पेशाका आधारमा घरधुरी संख्या विवरण | १३ |
| १३. | अपाङ्गता रहेका घरपरिवार संख्या | १६ |
| १४. | बेरोजगारीको संख्या साविक वडा अनुसार | १७ |
| १५. | आफ्नो नाममा भू -स्वामित्व भएका र नभएकाको विवरण | १८ |
| १६. | नगरको वर्तमान भू उपयोग | १९ |
| १७. | पर्यटकिय क्षेत्रहरु | २० |
| १८. | व्यापारिक क्षेत्रहरु | २१ |
| १९. | शैक्षिक संस्थाहरु | २२ |
| २०. | बालक्लवहरु र आवद्धता | २२ |
| २१. | परिवार नियोजनका साधन प्रयोग गर्ने घरपरिवार | २३ |
| २२. | वर्थिङ सेन्टरको सेवा उपयोग गर्ने घरपरिवार | २४ |
| २३. | शौचालय भएका घरपरिवार र किसिम | २५ |
| २४. | स्वास्थ्य संस्थाहरु | २६ |
| २५. | खानेपानीको सुविधा | २७ |
| २६. | खानेपानीको मुहानहरु | २९ |
| २७. | धार्मिकस्थल | ३० |
| २८. | वन क्षेत्रको अवस्था | ३१ |
| २९. | सामुदायिक वनहरुको अवस्थिति | ३२ |
| ३०. | सडक संजालको अवस्था | ३३ |
| ३१. | झोलुंगे पुल तथा पुलपुलेसा | ३४ |
| ३२. | सिंचाइ योजनाहरु | ३५ |

# प्रकाशकीय

कुनै पनि विषयको प्रस्तुती नक्शांकनबाट देखाइँदा त्यसको अवस्थिती ,विस्तार, फैलावट, भूगोल लगायतका विभिन्न अन्तरनिहित सूचनाहरु देखिने र जसबाट योजना निर्माण, स्थिती विश्लेषण गर्न सहयोग पुग्ने देखी रामेछापको नगर वस्तुगत विवरण पहिलो भागको दोश्रो खण्डको रुपमा ***श्रोत नक्साहरुको संगालो*** प्रकाशन गर्न लागिएको छ । पहिलो भाग पहिलो खण्डमा नगरको वस्तुगत विवरण विभिन्न तालिका, चार्ट, ब्याख्या तथा विश्लेषणबाट दिइएको छ र सो खण्डमा यसमा रहेका केही महत्वपुर्ण नक्साहरु सानो आकारमा समाबेश गरिएको छ तर सानो आकारको नक्शामा देखाउन चाहेका कतिपय महत्वपुर्ण विवरण नदेखिन सक्ने ब्यवहारिक कठिनाइका कारण यो छुट्टै अंकको रुपमा प्रकाशन गर्न लागिएको हो ।

यस प्रकाशनमा तथ्यांक प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचनाहरुलाई भौगोलिक (वडा), सामाजिक (लिङ्ग), संरचना (जातजाति) अनुसार खण्डीकृत रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसमा प्राकृतिक श्रोत साधन (वन जंगल, नदीनाला, कृषि, चरण क्षेत्र, साँस्कृतिक सम्पदा (मठमन्दिर, धार्मिक तथा साँस्कृतिक स्थल आदि), पूर्वाधार विकास (सडक, पुल), सेवा केन्द्रहरु (नगरपालिका केन्द्र, अस्पताल/स्वास्थ्य केन्द्र, विद्यालय/शैक्षिक संस्था, सेवा केन्द्र, बैक तथा वित्तिय संस्था, सामुदायिक भवन, क्लव आदि) लाई विद्युतीय स्वरुप/भौगोलिक सूचना प्रणाली (जिआईएस) मा तयार पारी प्रकाशित गरीएको छ ।

# अवस्थिति नक्सा


प्रदेश नं. ३
प्रदेश नं. १
रसुवा
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
चितवन
मकवानपुर
रामेछाप जिल्ला
रामेछाप नगरपालिका
Copyright@MoFALD

## १. धरातलीय अवस्था

रामेछाप नगर टार, भिरालो बारी, भिरालो पाखो, नदी खोला, खहरे खोल्सी, नदी किनारका फाट, बेसीहरुले बनेको छ ।नक्सामा यसको अवस्थिती र तालिकामा यसको अंश(प्रतिशत) देखाइएको छ ।




Figure 1

**Table १ जमीनको किसिम**

| जमीनको किसिम | क्षेत्रफल | प्रतिशत |
|---|---|---|
| टार | ९८.१ | ०.४८ |
| भिरालो बारी | ६३७२ | ३१.२६ |
| भिरालो पाखो | १३६५३ | ६६.९७ |
| नदी खोलाको भाग | १२८.९ | ०.६३ |
| पांगो माटो,नदी किनारका फाट | १३५.४ | ०.६६ |

## 1. भौगर्भिक विभाजन

भौगर्भिक रुपमा रामेछाप नगरमा क्वार्जाइट, अगेन निस, क्वार्जाइट, निस, र सिस्ट, फिलाइट, चुनढुङ्गा र डोलोमाइट, कालो र खैरो स्लेट, हल्का हरियो र खैरो रङको फिलाइट र ग्रीटस्टोनहरु पाइन्छन । यी प्राकृतिक सम्पदाको अवस्थिती तलको श्रोत नक्सामा प्रस्तुत गरिएको छ ।




Figure 2

**Table 22. भौगर्भिक विभाजन**

| क्र.सं. | भौगर्भिक इकाइ (फर्मेसन) | मुख्य चट्टानहरु | मुख्य उपयोगिता |
|---|---|---|---|
| १. | चिसापानी फर्मेसन | क्वार्जाइट | घर वनाउने ढुंगा, विछ्याउने ढुंगा, ग्रावेल |
| २. | निस | अगेन निस | खानीहरुको संभावना हुन सक्ने, कमसल खाले जाँतो वनाउन सक्ने, सिलाउटो |
| ३. | कुलिखानी फर्मेसन | क्वार्जाइट, निस, र सिस्ट | खनिज पदार्थ भएको हुन सक्ने |
| ४. | कालिटार फर्मेसन | सिस्ट र क्वार्जाइट | फस्के ढुंगा, कतैकतै खनिज हुन सक्ने |
| ५. | रदुवा फर्मेसन | सिस्ट र फिलाइट | विछ्याउने ढुंगा |
| ६. | झिकु कार्बोनेट्स | चुनढुङ्गा र डोलोमाइट | सिमेन्टको लागी, औद्योगीक सावुन टुथपेष्ट, कुखुराको दाना |
| ७. | बेनिघाट स्लेट | कालो र खैरो स्लेट | घर छाउने ढुंगा |
| ८. | कुन्छा फर्मेसन | हल्का हरियो र खैरो रङको फिलाइट र ग्रीटस्टोन | सोलीङ, ग्यावीन गर्न, फिलिङ, वाटो घर निर्माण |

## 2. धरातलिय उचाई

यो नगर समुन्दी सतह देखी ३७९ मी  देखी २०९४ मी.को उचाईगत फैलावटमा विस्तारित छ ।वडा नं ५ को कोलोञ्जोरघाट(लिखु बेनी)सवभन्दा होचो भाग हो भने वडा नं १ को थलहरी डाडा सवभन्दा अग्लो भू भाग हो ।नक्सा ३ मा धरातलिय उचाइ देखाइएको छ ।




Figure 3

**Table 3 वडागत रुपमा धरातलिय उचाई तालिका**

| वडा नम्बर | होचो विन्दू | अग्लो विन्दू | उचाइगत फरक | औषत उचाई |
|---|---|---|---|---|
| १ | ५९० | २०९४ | १५०४ | १२२३.७१ |
| २ | ६७५ | २०२७ | १३५२ | १२६६.८७ |
| ३ | ५३७ | १५६३ | १०२६ | ९०४.६७ |
| ४ | ४२६ | १८३४ | १४०८ | १०४५.८५ |
| ५ | ३७९ | १६७७ | १२७४ | ९६२.३२ |
| ६ | ५६७ | १९४२ | १३७५ | १४१८.११ |
| ७ | ४३० | १९३९ | १५०९ | १०७२.७८ |
| ८ | ४४० | १६७५ | १२३५ | १०४३.२७ |
| ९ | ४४४ | १६४५ | १२०१ | ९०९.७१ |

## 3. भिरालोपना

नगरमा समथर देखी ३० डिग्री भन्दा बढी भिरालो भू भागहरु समेत रहेका छन । यसको अवस्थितीलाई फरक फरक रंगबाट तलको नक्सा ४ मा देखाइएको छ र अंश तालिकामा देखाइएको छ ।




Figure 4

Table 4 भिरालो पना

| भिरालो पना | क्षेत्रफल हे. | प्रतिशत |
|---|---|---|
| ०–५ डिग्री भिरालो | ९८.१ | ०.४८१ |
| १-५ डिग्री भिरालो | १३५.४ | ०.६६४ |
| समथर | १२८.९ | ०.६३२ |
| ०-३० डिग्री भिरालो | २००२५ | ९८.२२ |

## मोहडा

नगरको सवभन्दा वढी जमीन दक्षिण मोहडामा फर्किएको छ र सो पछि क्रमश दक्षिण पुर्वी मोहडा, दक्षिण पश्चिम मोहडा, पुर्वी मोहडा र उत्तर पुर्वी मोहडा तर्फ फर्किएको छ जसको अवस्थिती नक्सा छ मा देखाइएको छ ।




Figure 5

**Table 5 मोहडा र क्षेत्रफल (हे.)**

| वडाहरु | समथर | उत्तर मोहडा | उत्तर पूर्वी मोहडा | पूर्वी मोहडा | दक्षिण पूर्वी मोहडा | दक्षिण मोहडा | दक्षिण पश्चिम मोहडा | पश्चिम मोहडा | उत्तर पश्चिम मोहड | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०.०३ | २.२ | २.८ | २.१ | १.१ | ०.२ | ०.१ | ०.१ | ०.७ | ९.२८ |
| २ | ०.०३ | १.० | २.८ | ३.२ | ३.३ | २.७ | २.२ | १.२ | ०.६ | १७.१२ |
| ३ | ०.०५ | ०.५ | १.७ | २.० | १.७ | २.० | १.६ | ०.५ | ०.२ | १०.१३ |
| ४ | ०.१३ | ४.४ | ६.३ | ५.५ | ४.७ | ४.३ | ३.९ | २.५ | ३.१ | ३४.८८ |
| ५ | ०.११ | २.७ | ३.४ | ४.५ | ५.८ | ७.३ | ७.४ | ४.० | २.७ | ३७.७९ |
| ६ | ०.०४ | २.९ | ३.० | ३.० | ३.६ | ४.२ | ३.३ | २.५ | ३.० | २५.५९ |
| ७ | ०.१८ | ३.२ | २.३ | २.२ | ३.५ | ३.९ | ४.५ | ४.७ | ४.५ | २८.८६ |
| ८ | ०.१२ | ३.२ | ३.९ | ४.० | ३.८ | २.९ | २.४ | २.३ | २.७ | २५.४५ |
| ९ | ०.०९ | ०.८ | ०.५ | ०.७ | १.६ | २.७ | ३.० | २.१ | १.६ | १२.९९ |
| जम्मा | ०.७९ | २०.८६ | २६.७९ | २७.२४ | २९.१५ | ३०.२४ | २८.२६ | १९.८० | १८.९५ | २०२.४४ |

## 4. माटोको गहिराइ

नगरमा आधी मी भन्दा पातलो माटो सवभन्दा धेरै र २ मी सम्मको बाक्लोमाटो सवभन्दा कम रहेको छ जसको नक्सामा अवस्थिती नक्सा ६ र अंश तालिकामा देखाईएको छ ।




Figure 6

**Table 5 माटोको गहिराइ**

| माटोको गहिराइ | र (क्षेत्रफल हेक्टर) | प्रतिशत |
|---|---|---|
| आधी मी भन्दा पातलो माटो | १३६५२.८७ | ६७ |
| आधी मी भन्दा बाक्लो माटो | ६३७२.४४ | ३१ |
| २ मी  सम्म बाक्लो माटो | १२८.८८ | १ |
| १ देखी १५ मी सम्म बाक्लो माटो | १३५.४२ | १ |
| २ मी भन्दा भन्दा पातलो माटो | ९८.१ | ० |

## 5. खोला खहरे र नदीहरुको सञ्जाल

खोला खहरे तथा नदी सञ्जालको हिसावले वडा नं ५,६,७,८र ९ मा औषत भन्दा वढी घनत्व र वाकी बडाहरुमा औषत भन्दा कम घनत्व देखियो जसको अवस्थिती नक्सा ७ मा र अनुपात तालिकामा देखाइएको छ ।




**Figure 7**

**Table 6 वडागत रुपमा खोला खहरे र नदीहरुको सञ्जाल (लम्बाई कि.मी.मा)**

| वडा नं | खोला, खहरे तथा नदी सञ्जाल (कि.मी.) | वडाको क्षेत्रफाल | क्षेत्रफल र नदी सञ्जाल बीचको औषत |
|---|---|---|---|
| १ | २३.३ | १०.४१ | २.२४ |
| २ | ३५.० | १७.१४ | २.०४ |
| ३ | २०.० | ९.०५ | २.२१ |
| ४ | ९४.३ | ३४.९५ | २.७० |
| ५ | १३८.१ | ३७.८६ | ३.६५ |
| ६ | ८२.६ | २५.६९ | ३.२२ |
| ७ | १०२.१ | २८.८५ | ३.५४ |
| ८ | ९२.२ | २४.५७ | ३.७५ |
| ९ | ५६.५ | १३.९३ | ४.०६ |
| **जम्मा** | ६४४.१ | २०२.४४ | ३.१८ |

## 6. सुख्खाग्रस्त वडाहरु

साविक जिल्ला विकास समितिको प्रतिबेदन तथा श्रेष्ठ,२०१५ को प्रतिवेदनका अनुसार नगरका ८ मध्ये वडा न.१ र ३ बाहेक ६ वटा वडाहरु सुख्खाग्रस्त क्षेत्रमा रहेका छन् । नक्सामा यसको अवस्थिती नक्सा ८ देखाईएको छ ।




श्रोत र आधार https://shyamstha.wordpress.com/2015/08/01/an-assessment-of-drought-in-ramechhap-district-2/

## 7. प्रमुख जलाधार र उपजलाधारहरु

रामेछाप नगर सुनकोशी,लिखु र तामाकोशी जलाधार क्षेत्र भित्र विस्तारित छ । यस भित्र साना मझौला गरी २२ वटा वर्षै भरी पानी बग्ने खोलाहरु छन् । तालिकामा प्रमुख नदीहरु तथा खोलाहरुको चित्रण नक्सा ९ गरिएको छ ।




Figure 8

Table 8 मुख्य जलाधार र उप जलाधारहरु

| क्रस | मुख्य जलाधारहरु | उप जलाधारहरु |
|---|---|---|
| १ | सुनकोशी जलाधार | गुर्मखोला, रिठावोट खोला, च्यास्कुखोला, भालुखोला, मुडेखोला, करम्जीखोला, वार्लिङ खोला, मन्सली , खोला,रुङ खोला,वादी खोला, माझीखोला, सिमन्ती खोला, रिङग्रीन खोला |
| २ | लिखु जलाधार क्षेत्र | लर्खुखोला, ठाडोखोला, देउराली खोला, फलाटखोल, पचलेखोला नाक्चा खोला, धारापानी खोला, फोन्द्रीखोला |
| ३ | तामाकोसी जलाधार क्षेत्र | सुकाजोर खोला |

## 8. वस्तीहरुको अवस्थिती

नगरभित्र साना (५ घरका) देखी ठुला १०० घरका गरी कुल ४७० वटा वस्तीहरु रहेका छन् ।ती वस्तीहरुको अवस्थिती नक्सा १० र ११ मा देखाईएको छ ।



**Figure 9**


रामेछाप नगरभित्रका बस्तिहरुको अवस्थिती
1
2
3
4
5
6
7
8
9
N
W
E
S
Legend
Village
Ramechhap_municipality
4,100
2,050
0
4,100 Meters

Figure 10

## 9. जनसंख्या वितरणको अवस्था

नक्शा १३ मा सवभन्दा घना वस्तीलाई निलो, सो भन्दा पातलो वस्तीलाइ हरियो अनी क्रमश पहेलो, बैजनी र रातो रंगले देखाइएको छ । घना वस्तीहरु वडा नं ४ को साविक ८ र ९ मा वडा नं ५ को वडा न ६ मा वडा वडा न ७ को सुकाजोरमा नं ८ को २, ३, ४ तथा वडा नं ९ मा देखिन्छ ।वडाको समग्र जनसंख्या वस्तुगत विवरण भाग १ मा बृस्तृत रुपमा प्रस्तुत गरिएको छ ।




Figure 12 जनसंख्याको विवरणको चित्रण



## 10.पेशाका आधारमा घरधुरी संख्या विवरण

सवभन्दा वढी कृषि तथा पशुपालनमा संलग्न हुने वस्तीहरुलाई गाढा हरियो रंगमा, सो पछिकालाई निलो रंगमा,अनि पछिकालाई कलेजी रंगमा र सवभन्दा कमलाई पहेलो रंगमा छुट्याएर कृषि तथा पशुपालन गर्ने टोल वस्तीहरुलाइ चित्र १३ मा देखाईएको छ ।यसरी हेर्दा कृषि कार्यमा सवभन्दा वढी लाग्ने समुदाय वडा नं ६ को गाइटार कटुन्जे क्षेत्र र वडा न.४ को बलिष्टार ,कुश वसेरी क्षेत्र देखीन्छ ।

त्यसै गरी ज्याला मजदुरी गर्ने घरपरिवार,नोकारी तथा जागीर गर्ने घरपरिवार,उद्योग तथा ब्यापार गर्ने घरपरिवार नक्सा १४,१५ र १६ मा देखाईएको छ ।




Figure१३ कृषि तथा पशूपालन गर्ने घरधूरी संख्या




**Figure 14** ज्याला मजदूरी गर्ने घरधूरी संख्या




Figure 15




Figure 16

## 11. अपाङ्गता रहेका घरपरिवार संख्या

वस्तीगत हिसावले अपाङहरुको विवरण नक्सा १७ मा देखाईको छ ।सवभन्दा धेरै अपाङ वडा नं २ को साविका वडा २,वठा नं ७ को साविक १ ,वडा नं ८ को साविक ४ र वडा नं ९ को साविक ५मा रहेको देखियो ।




**Figure 17** अपाङता हूने घरधूरी संख्या

## 12. बेरोजगारीको संख्या साविक वडा अनुसार

नक्सा १८ मा वेरोजगारीहरुको विवरण प्रस्तुत छ ।यसमा सवभन्दा वढी बेरोजगार रहेका वस्तीलाई निलो रंगमा सो भन्दा कमलाइ हरियो,अनि पहेलो र कम हुने लाई रातोले संकेत गरिएको छ ।




Figure 18 बेरोजगारीको संख्या

## 13. आफ्नो नाममा भू –स्वामित्व भएका र नभएकाको विवरण

वस्ती अनुसार आफ्नो नाममा जग्गा जमीन भएकाको विवरण नक्सा १९ र नभएकाको विवरण नक्सा २० मा दिइएको छ। भएका र नभएकाको संख्यात्मक विवरणलाइ विभिन्न रंगले छुट्याएको छ जसमा आफ्नै नाममा जग्गा हुने धेरै घरपरिवार वस्तीहरुमा वडा न ८ को साविक वडा ९,३,६,वडा ९ को साविक ५ र ९ देखिन्छ भने आफनो नाममा जग्गा नहुने धेरै वडा नं ८ को साविक १,वडा नं ९ को देखिन्छ।




१९ भु स्वामित्व भएका




२० भु स्वामित्व नभएका

## 14. नगरको वर्तमान भू उपयोग

नगरको वर्तमान भू उपयोग सम्बधि विवरण नक्सा २१ मा प्रस्तुत छ ।यसमा रातो रातो टिकाहरुले वस्ती,हरिया रेखाहरुले खोला खहरे र नदीनाला देखाईएको छ ।




Figure 21

## 15. पर्यटकिय क्षेत्रहरु

नगरका मूख्य पर्यककिय आकर्षणहरुमा, वडा नः ९ को ल्याङ्गल्याङ्ग भिमसेनस्थान, रामेछाप ब्यारेक स्थित निशान भगवतीको मन्दिर, केवलेश्वर महादेव, भालुखोपको भ्यूटावर डाँडा, बौद्ध गुम्बा , गणेशटार मन्दिर, सुकाजोरमा रहेको ताराखसे पोखरी, वडा नः १ को थलारी डाँडा, वडा न. ८ को ऐतिहासिक ढुकुरसिङ्ग डाँडा, हायु जातिको प्रसिद्ध महाकाली मन्दिर, ऐतिहासिक महत्व बोकेको रामेछाप बजार, साँघुटार बजार, च्यास्कु भन्ज्याङ्ग, रामपुर भन्ज्याङ्ग, रामपुरको चारघरे स्थित बासुकी महादेव, दाइजोरको शिद्धठाकुर, हाडेतार महादेव मन्दिर र माझिगाउँको गुफा, वडा नं ४ को पञ्चकन्या र सोह्र भगवति मन्दिर आदी हुन ।ति स्थानको नक्सा चित्र २२ मा देखाइएको छ ।




Figure 22

## 16. ब्यापारिक क्षेत्रहरु

रामेछाप ८ को रामेछाप वजार,सुकाजोरको भालुखोप वजार, ओखेनीको च्यास्कु वजार, रामपुरको चारघरे तथा रामपुर भन्ज्याँङ, हिमगङ्गाको तिलवारी र धारापानी, गोठगाउँको गोगने वजार, गोठपानी, देउरालीको देउरालीडाँडा र हुलाक चौर, साघुटारको साँघुटार वजार मूख्य वजार मुख्या ब्यापारीक केन्द्रहरु हुन जसको नक्सा चित्र न २३ मा रहेको छ ।




Figure 23

## 17. शैक्षिक संस्थाहरु

नगरपालिकामा जम्मा ५६ वटा शैक्षिक संस्थाहरु रहेको छ, जस मध्ये १३ वटा माध्यमिक र ४३ वटा प्राथमिक तथा आधारभुत विद्यालयहरु रहेको छ यी मध्ये २ वटा विद्यालयहरुले आफ्नै छानामुनी क्याम्पस समेत सञ्चालन भईरहेका छन् । तिनको स्थलगत विवरण नक्सामा देखाईएको छ ।




Figure 24

## 18. बालक्लवहरु र आवद्यता

रामेछाप नगरपालिकाको वडा नं १,२,७ र ८ का रहेका विद्यालयहरुमा  वाल क्लव गठन भएर कृयाशिल रहेको देखीयो भने अन्य ठाउको अभिलेख प्राप्त  हुन सकेन ।



Figure 25

## 19. परिवार नियोजनका साधन प्रयोग गर्ने घरपरिवार

२०७५ असार मसान्त सम्मका तथ्याङ्क अनुसार परिवार नियोजनको अस्थायी साधन प्रयोग गर्ने पहिलाहरुको संख्या १८२१ रहेको छ भने २८४ जना पुरुष रहेका छन् । यस नगरपालिकामा १०८ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुले निरनतर सेवा प्रदान गरीरहेका छन् । साधन प्रयोग गर्ने र नगर्ने समुदायको चित्रण नक्सा २६ मा दिईएको छ ।




Figure 26

## 20. वर्थिङ सेन्टरको सेवा उपयोग गर्ने घरपरिवार

रामेछाप नगरपालिकाको विभिन्न वडा मा भएका स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा नियमित ४ पटक गर्भ परिक्षण गराउने महिलाहरुको संख्या २७७ रहेको छ भने २५२ जनाले स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराएका छन् ।वर्थिङ. सेन्टर प्रयोग गर्ने र नगर्ने समुदायको चित्रण नक्सा २७ मा दिइएको छ ।




Figure 27

## 21. शौचालय भएका घरपरिवार र किसिम

यस नगरपालिकामा भएको ७१७१ घरधुरी मध्ये ४३३३ घर परिवारले फ्लस भएको शौचालय प्रयोग गरीरहेको पाईयो भने २५०९ घरपरिवारले साधारण शौचालय प्रयोग गर्ने गरेका छन् । नगर भरीमा ३२९ घर परिवार(४.५९ प्रतिशत) ले भने शैचालय प्रयोग गरेको पाइएन ।




Figure 28

## 22. स्वास्थ्य संस्थाहरु

रामेछाप नगरपालिकामा १ जिल्ला अस्पता, ७ स्वास्थ्य चौकी, ५ वटा शहरी स्वास्थ्य केन्द्र गरी १३ स्थानमा स्वास्थ्य सेवा प्रदायकहरु रहेका छन् । यी भन्दा वाहेक रामेछाप वजार मा १ वटा मेडिकल, १ वटा औसधी पसल, साघुटारमा १ वटा मेडिकल, ओखेनीको च्यास्कुमा १ वटा मेडिकल रहेको छ । रक्च संचार सुविधा भने जिल्लामै रहेको छैन जसको विवरण नक्सा २९ मा दिइएको छ ।

*रामेछाप नगरपालिकाको सरकारी तथा सार्वजनिक कार्यालयहरू*




Figure 29

## 23. खानेपानीको सुविधा

रामेछाप नगरपालिकामा रहेको ७१७१ घर परिवार मध्ये १९४ (२.७१% परिवारले ढाकिएको सुरक्षित कुवाबाट, ३१८ (४.४३% घरपरिवारले नढाकीएको कुवा बाट, २३३ (३.२५%) घर परिवारले खुल्ला खोल्साहरुबाट, २२८० (३१.७९%) घरपरिवारले आफ्नै घरआँगनमा पाईप द्धारा ल्याईएको व्यवस्थीत धाराबाट, ३६९७ (५१.५५%) घरपरिवारले सामुहिक रुपमा सार्वजनिक स्थलको व्यवस्थीत धाराबाट, ४४९ (६.२६%) घरपरिवारले सिधै मुलको पानी उपभोग गर्दै आईरहेका पाईन्छ ।नक्सामा ति घर परिवारलाई फरक फरक रंगले देखाइएको छ ।




Figure 30

पाइपधारामा खानेपानीको सवभन्दा वढी  पहुच भएका वस्तीलाई हरियो,सो भन्दा कमलाइ पहेलो र सो भन्दा कमलाई रातो चिन्हमा नक्सा नं ३१ मा देखाइएको छ ।




Figure 31

## 24. खानेपानीको मुहानहरु

नगर भित्र ६० वटा भन्दा वढी परम्परागत मुलहरु छन् तर अधिकांश खुक्न लागेका र सुकिसकेका छन् । परम्परागत पानीका मुलहरुमा सिमलबोट, धाराखोला, रानीटार, मुलधारा, जोरपानी ढुंगेधारा, अगौटेखिरेपानी, आरुखर्के, फलाटेखोला, ढाँडटोल, डाँडाँटोल, थाक्ले, थाक्ले कर्कले पधेरो, टपरेमुहान, कात्तिके, जरुवाधारा, कार्की पधेरो, थापाटोल पधेरो, मसार पधेरो, भर्लाङे मुहान, पुहाले, धारापनी, गोगनेखोला, खाडीमुहान, कुडुलेमुहान, ठुलोपधेरो, वाहुन धारा, धारापानी वाकीमैरी, छतिवने, सल्ले, धरापानी भंगेरी, वावियाखर्क, सिस्नेरी, सन्डाखोला, झ्यालाखोला, हाडीखोला, चाम्बोटमुल, मुखिया पधेरो, निर्मल मुहान, भ्याउरेखोला, कोलन्जोर, माझीगाउँ कुवा, कञ्चन, काफ्लेखोला, लिना खोला, झार्दी खोला, काभ्रेखोला, गुर्मखोला, पुछार कुलो, मनसुलीघाट, घागरेवेसी, दखाली, आईतवारेखोला, झिरुखोला, ढुंग्रेखोला, छरछरे आदी हुन जसको अवस्थिती नक्सामा देखाइएको छ ।



Figure 32

## 25.धार्मिक स्थल

वडा नः ९ को ल्याङ्गल्याङ्ग भिमसेनस्थान, रामेछाप ब्यारेक स्थित निशान भगवतीको मन्दिर, केवलेश्वर महादेव, बौद्ध गुम्बा ,गणेशटार मन्दिर, सुकाजोरमा रहेको ताराखसे पोखरीको तारकेश्वर महादेव, ढकुरसिङ्ग डाँडाको महादेव, हायु जातिको प्रसिद्ध महाकाली मन्दिर, रामपुरको चारघरे स्थित बासुकी महादेव, दाइजोरको शिद्धठाकुर, हाडेतार महादेव मन्दिर वडा नं ४ को पञ्चकन्या र सोह्र भगवति मन्दिर आदी नगरका मुख्य धार्मीक स्थलहरुलाइ नक्सा ३२ मा देखाईएको छ।




Figure 33

## 26. वन क्षेत्रको अवस्था

नापी विभागमा उपलब्ध सन्  २०१४ को स्याटलाइट ईमेजबाट गरीएको विश्लेषण अनुसार रामेछाप नगरपालिकाको कुल क्षेत्रफल २०२४५ हेक्टर मध्ये १२०९६.८ हेक्टर (करिव ६० प्रतिशत)जमिन वन क्षेत्रले ओगटेको छ । वनले ढाकिएको क्षेत्रफल मध्ये २६२१.८ हे. (२१.६७ प्रतिशत) राम्रो वन क्षेत्र, ३३१३ हे.(२७.३९ प्रतिशत) पातलो वन क्षेत्र, ५९१९.३हे.बुट्यान क्षेत्र (४८.९३ प्रतिशत), ३७.२८हे. (०.३१ प्रतिशत)चरण क्षेत्र, १९३.३२ हे. (१.६ प्रतिशत) भिर पहिरो क्षेत्र र १२.१२ (०.१० प्रतिशत) नाङ्गो भुभाग रहेको छ जसको चित्र नक्सा ३३ मा दिईएको छ ।




Figure 34

## 27.सामुदायिक वनहरुको अवस्थिथि

नगर भित्र ९१ वटा सामुदायिक वन उपभोक्ता समुहहरु, ११८ कबुलियती वन समुहहरु र ४ वन दर्ता भएका निजी वनहरु रहेका छन् । सो मध्य सामुदायिक वनहरुको अवस्थिती चित्र न ३४ मा दिइएको छ ।




Figure 35

## 28. सडक संजालको अवस्था

नगर भित्र कुल ३३१.९७ कि.मीं सडक सञ्जाल रहेको छ जसमा १५ कि.मी. कालो पत्रे र वाकी कच्ची सडक रहेका छन् ।वडागत रुपमा सडक सञ्जाल तालिकामा र सो को नक्सा ४३ मा दिईएको छ ।




Figure 36

**वडा र नगरमा सडक सञ्जालको अवस्था विवरण**

| वडा नः | वडा भित्रको सडकको कूल लम्बाइ | वडाको क्षेत्रफल | वडाको प्रति बर्ग कि.मी.मा सडक सञ्जाल कि.मी | क्रम |
|---|---|---|---|---|
| १ | २६.०९ | १०.४१ | २.५१ | द्धितिय |
| २ | २७.४६ | १७.१४ | १.६० | |
| ३ | २९.८२ | ९.०५ | ३.३० | प्रथम |
| ४ | ४४.४५ | ३४.९५ | १.२७ | |
| ५ | ४३.५३ | ३७.८६ | १.१५ | |
| ६ | ४४.८४ | २५.६९ | १.७५ | |
| ७ | ४३.११ | २८.८५ | १.४९ | |
| ८ | ५४.८० | २४.५७ | २.२३ | तृतिय |
| ९ | १७.८७ | १३.९३ | १.२८ | |
| नगरको समग्र | ३३१.९७ | २०२.४५ | १.६४ | |

## 29.झोलुंगे पुल तथा पुलपुलेसा

रामेछाप नगरमा पक्की पुलको संख्या ३ वटा रहेको छ जसमा १ वटा पक्की पुल निर्माणको चरणमा रहेको छ भने झोलुङे पुलको संख्या १३ वटा रहेको छ जसको नक्सा ३६ मा दिईएको छ ।




Figure 37

## 30.सिंचाइ योजनाहरु

नगरमा सुनकोशी तर्फ १३ तथा लिखु नदी तर्फ ८ र तामाकोशबी तर्फ १ गरी २२ वटा खोलाहरु छन जसमा मूख्य देउराली खोला ,फलाटेखोला,फन्द्री खोला,गुरुङ लगायतका खोलाहरु हुन । नदी किनारका फाटहरुमा सुनकोशी र लिखुवाट छोटो दुरीमा लिफ्ट गरी सिंचाइ हुने क्षेत्रहरु छन् ।हाल सम्म ५५३ हे.मा परम्परागत कुलोबाट सिंचाई भएका छन भने नया सिचाइ योजनाहरुमा वाडा न. २ र ४ को फलाटेखोला ,वडा नं ३ को लामविरे,थाक्लेबेसी,वडा न. ५ हाडेटार,६ खान्थोक ज्याविटार मूख्य हुन जसको चित्र नक्सा ३८ मा रहेको छ ।




Figure 38




नगरपालिकाको सबैभन्दा होचो स्थान
कोलोनजोर घाट (३६९ मी.)